मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २५ ◆ अङ्क : १५७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ बैशाख २४ गते बुधवार (Wednesday, May 6. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

सूचना

आफ्नो घर, व्यवसायमा बालबालिकालाई श्रममा नलगाऔं, अरुलाई पनि बालश्रम प्रयोग नगर्न सूचित गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

### झापाका सबै उद्योग वाणिज्य संघ एकै थलोमा, साझा दश निर्णय

# बैंकलाई तालाचावी बुझाएर आन्दोलनमा उत्रने चेतावनी

**बिर्तामोड, वैशाख २३ ।** झापाका सबै उद्योग वाणिज्य संघले सामुहिक रुपमा वैंक व्याज, घर भाडा छुट लगायतका विषयमा १० वटा निर्णय गरेका छन् । मंगलवार बिर्तामोड उद्योग वाणिज्य संघको आयोजना तथा संवाद समूह झापाको संयोजनमा बिर्तामोडमा सम्पन्न नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय प्रतिनिधि, महासंघका १ नं. प्रदेश समिति प्रतिनिधि, झापाका सम्पूर्ण उद्योग वाणिज्य संघका प्रतिनिधिको संयुक्त बैठकले उक्त निर्णय गरेको हो ।





तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

बैठकमा कोरोना भाइरसको महामारी तथा लम्बिँदो लकडाउन र त्यसबाट सम्पन्न परिस्थितिले उद्योग व्यवसायमा परेको प्रभाव बारे छलफल गरी उक्त विषयमा साझा निष्कर्षसहित निर्णय गरिएको बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईले जानकारी दिए ।

उद्योगी व्यवसायीका समस्या समाधान गर्ने, कृषक, युवा तथा अलपत्र नागरिकका विषयमा केन्द्रित छलफलबाट कोरोना परीक्षणको दायरा बढाउनसमेत सरकारको ध्यानाकर्षण गरिएको छ । वैठकपछि विज्ञप्ति जारी गरी निर्णय सार्वजनिक गरिएको थियो ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष भट्टराईको अध्यक्षतामा भएको छलफलको सहजीकरण संघका महासचिव भेषराज भण्डारी प्रशान्त र पत्रकार महासंघ झापाका उपाध्यक्ष एकराज गिरीले गरेका थिए । स्वागत संघका निवर्तमान अध्यक्ष बलराम कार्कीले गरेका थिए ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य उमेश डालमिया, केशवराज पाण्डे, महासंघ प्रदेश १ समितिका सदस्य कुमारमणि पोखरेल, बलराम कार्की, प्रकाश शिवाकोटी, झापा उद्योग वाणिज्य संघका अध्यक्ष नवराज पनेरु, झापा उद्योग संघका अध्यक्ष टीकाराज ढकाल, बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराई, मेची उद्योग वाणिज्य संघका अध्यक्ष ऋषि तिम्सिना, दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोकुल श्रेष्ठ, कनकाई उद्योग वाणिज्य संघका अध्यक्ष त्रिलोचन चिमिरिया, शिवसताक्षी उद्योग वाणिज्य संघका अध्यक्ष भोला मैनाली, गौरादह उद्योग वाणिज्य संघका अध्यक्ष जीतबहादुर कार्की, बुद्धशान्ति उद्योग वाणिज्य संघका अध्यक्ष रुद्र चापागाई, बाह्रदशी उद्योग वाणिज्य संघका अध्यक्ष खगेन्द्र कार्कीले छलफलमा आफ्नो धारणा र सुझाव राखेका थिए । वैठकपछि उनीहरुले सामुहिक हस्ताक्षर गरेर विज्ञप्ति जारी गरेका हुन् ।

**यस्ता छन् साझा निष्कर्ष र निर्णयहरु :**

१) उद्योग उद्योगी व्यवसायीहरुले बैंकबाट लिएको ऋणको व्याजका सन्दर्भमा नाफा र नोक्सानरहीत ढंगले विज्ञहरु राखेर उचित व्यवस्थापन गरी व्याज छुट गर्न माग गर्दछौं । साथै बैंकले लिने सेवाशुल्क, नवीकरण शुल्क छुटका साथै स्प्रेड दर दुई प्रतिशत कायम गर्न माग गर्दछौं । बैंक तथा वित्तीय संस्थालाई सेवामुखी बन्न र बनाउन ध्यानाकर्षण गराउँदछौं । साथै, उद्योगी व्यवसायीको क्षतिको अवस्था मूल्यांकन गरी विशेष राहत प्याकेज घोषणा गर्न सरकारसँग माग गर्दछौं ।

२) उद्योग व्यवसाय सञ्चालन भएका घर भवनका सन्दर्भमा लकडाउन अवधिको घर भाडा पूर्ण छुटका लागि सरकारको ध्यानाकर्षण गराउँदछौं । साथै घरधनीलाई घरवहाल काममा विशेष छुट दिन आग्रह गर्दछौं । साथै उद्योगी व्यवसायीलाई लकडाउन अवधिको विद्युत् अतिरिक्त शुल्क र डिमाण्ड शुल्क छुट दिन माग गर्दछौं ।

३) मेची भन्सारलाई आवश्यक स्वास्थ्य सुरक्षा मापदण्ड पूरा गरी तत्काल सुचारु गराउन तथा लकडाउन अवधिभर रोकिएका मालवाहक गाडीको भन्सार पार्किङ शुल्क छुटका लागि माग गर्दछौं ।

४) संकटको यस घडीमा आम उपभोक्ताको अधिकारप्रति सजग रहँदै बस्तुहरुको आपूर्तिलाई सहज बनाउन प्रतिबद्ध छौं । यथार्थ नबुझि उद्योगी व्यवसायीलाई लाञ्छित गर्ने कार्यप्रति सरोकारवालाको ध्यानाकर्षण गराउँदै बजार अनुगमन गर्दा सम्बन्धित क्षेत्रका उद्योग वाणिज्य संघसँग सहकार्य र संस्थाका प्रतिनिधिसहितको सहभागितामा अनुगमनका लागि ध्यानाकर्षण गराउँदछौं । यस कार्यमा हामी सहयोग र सहकार्य गर्न तयार छौं । साथै बजारलाई व्यवस्थित सञ्चालनका लागि सम्बन्धित क्षेत्रका उद्योग वाणिज्य संघसँग समन्वयका लागि जिसस, जिल्ला प्रशासन, प्रहरी, स्थानीय सरकारको ध्यानाकर्षण गराउँदछौं । साथै संकटको यो घडीमा अनुचित लाभ लिने कुनै पनि गतिविधि नगर्न आम व्यवसायीमा आव्हान गर्दछौं ।

५) कृषकका उत्पादन खेतबारीमै कुहिने तथा लगानी डुब्ने अवस्थालाई मनन् गरी कृषि उत्पादन बजारसम्म ल्याउन सरोकारवालासँगको समन्वयमा सहजीकरणका लागि हामी प्रतिबद्ध छौं। साथै कृषकलाई अनुदान, आवश्यक मल, वीऊ, इन्धन लगायतका सामग्री तत्काल उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराउँदछौं।

६) झापामा कोरोना भाइरस संक्रमण देखिएको र रेडजोनमा परेको सन्दर्भमा जिल्लामै तत्काल पीसीआर परीक्षणको व्यवस्था गर्न, परीक्षणको दायरा बढाउन तथा स्वास्थ्यकर्मी, सुरक्षाकर्मीका लागि आवश्यक स्वास्थ्य सुरक्षा सामग्री तत्काल उपलब्ध गराउन, महामारीको सम्भावित जोखिमलाई मध्यनजर गरी संक्रमितको उपचारको भरपर्दो र पर्याप्त व्यवस्था गर्न तीनै तहका सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछौं ।

७) उद्योग तथा व्यवसायिक प्रतिष्ठानमा कार्यरत मजदुर, कर्मचारीको तलब-भत्ता वर्तमान परिस्थिति मनन् गरी सहज बनाइदिन सरकार तथा सरोकारवालाको ध्यानाकर्षण गराउँदछौं ।

८) लकडाउनका कारण झापाका विभिन्न क्षेत्रमा समस्यामा परेका भारतीय मजदुर र भारतीय सीमा क्षेत्रमा अलपत्र परेका नेपालीलाई आवश्यक स्वास्थ्य मापदण्ड पूरा गरी जान र आउन दिने वातावरण मिलाउन सरकारको ध्यानाकर्षण गराउँदछौं ।

९) कोरोना महामारीपछि विदेशबाट नेपाल फर्कने नेपाली युवालाई स्वदेशमै रोजगारी, उद्यमको आवश्यक व्यवस्थापनको तयारी गर्न सरकारको ध्यानाकर्षण गराउँदछौं ।

१०) उद्योगी व्यवसायीका समस्या तथा मागहरुमध्ये प्रदेश तथा संघीय सरकारबाट सम्बोधन गर्नुपर्ने विषयमा तत्काल प्रभावकारी पहलका लागि नेपाल उद्योग वाणिज्य महासंघ केन्द्रीय समितिलाई आग्रह गर्दछौं । स्थानीय प्रशासन तथा स्थानीय सरकारबाट सम्बोधन गर्नुपर्ने समस्या तथा माग तत्काल पूरा गर्न ध्यानाकर्षण गराउँदै सम्बन्धित क्षेत्रका उद्योग वाणिज्य संघले सरोकारवालासँगको भेला छलफलबाट यस विषयलाई सहज बनाउन पहल थाल्ने निर्णय गरियो । समस्या समाधान र पहलका लागि उद्योग वाणिज्य संघहरुको नियमित संयुक्त बैठक, छलफल जारी राख्दै सामुहिक रुपमा यस विषयमा ध्यानाकर्षण तथा माग सम्बोधन गर्न तीनै तहका सरकार, प्रशासन समक्ष ज्ञापन पत्र बुझाउने निर्णय गरियो ।

छलफलमा बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष मोहन ढकाल, राजेन्द्रकुमार थापा, मेची उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष मोहन निरौला, बिर्तामोड उद्योग वाणिज्य संघका सचिव रवीन्द्र भट्टराई, सदस्यहरु सञ्जीव घिमिरे, प्रकाश घिमिरे, राजकुमार साह, कुशल खतिवडा, एजाज महमद अन्सारी, गौरीशंकर गुप्ता, कनकाई उद्योग वाणिज्य संघका तुलसी बिमली, दमक उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष राजु खड्का, सदस्य नवीनकुमार अग्रवाल, बाह्रदशीका जयनारायण आचार्य, गौरादहका भरत फुयाल, व्यवसायी विजेन्द्रप्रसाद अग्रवाल लगायतले समेत आफ्नो धारणासहित सुझाव राखेका थिए ।

व्यवसायीहरुले समस्या समाधानमा उद्योग वाणिज्य महासंघले नेतृत्वदायी भूमिका खेल्नुपर्ने र त्यसका लागि दवाव सिर्जना गर्नु्पर्नेमा जोड दिएका थिए । अहिले कोरोना महामारी नियन्त्रण्णका लागि आर्थिक सहयोग र कार्यमा निजी क्षेत्रले ठूलो योगदान गरे पनि जिल्ला तथा पालिकास्तरीय महामारी नियन्त्रण संयन्त्रमा निजी क्षेत्रलाई उपेक्षा गरिएको भनी गुनासो गरेका थिए । बैंक व्याज छुटसहितका आफ्ना माग सम्बोधन नभए उद्योग व्यवसायका सम्पूर्ण तालाचावी बैंकलाई बुझाएर आन्दोलनमा उत्रने उद्योगी व्यवसायीहरुले चेतावनी दिएका छन् । केही समय अगाडि बैंकर्स एसोशिएसनका अध्यक्षले उद्योगी व्यापारीले नाफा लुकाउने गरेकाले उनीहरुलाई बैंकले कुनै पनि छुट दिन नहुने भनी दिएको अभिव्यक्तिप्रति आपत्ति जनाएका थिए ।

## बिप्लवका जिल्ला इञ्चार्ज पक्राउ

**इलाम, वैशाख २३।** इलामको माई नगरपालिका-९ बोरुङमा ठूलो परिमाणमा विष्फोट पदार्थसहित नेत्रविक्रम चन्द (बिप्लव) समूहका जिल्ला इन्चार्ज र दुई कार्यकर्ता पक्राउ परेका छन् । नेपाल प्रहरीको विशेष सुराकीका आधार सशस्त्र प्रहरीसमेतको टोलीले सोमबार राति ११ बजे पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा सङ्खुवासभा घर भएका इलाम जिल्ला इन्चार्ज पुष्प कोइराला, ताप्लेजुङ लिकुखोला घर भएका जनम भनिने २४ वर्षीय पासाङ शेर्पा र उदयपुरका सौरभ भनिने १९ वर्षीय पासाङ तामाङलाई विष्फोटक पदार्थ र त्यसमा लागि प्रयोग हुने सामग्रीसहित पक्राउ गरेको इलामका प्रहरी उपरीक्षक हिराबहादुर पाण्डेले जानकारी दिए ।

पाण्डेका अनुसार उनीहरुको साथबाट विष्फोटक पदार्थ डिटोनेटर १९ थान, प्रेसरकुकर बम एक थान, ग्रिनेड एक थान, टुकीबम एक थान, पाइपमा फिट गरिएको बम एक थान, डेथकड ६७ फिट, बम विष्फोटमा प्रयोग हुने मिटर र रिमोट चार थान, विभिन्न प्रकारका विष्फोटक पदार्थ, चक्कु तथा दस्तावेज फेला पारिएको छ । पक्राउ परेका तिनै जनालाई जिल्ला प्रहरी कार्यालय इलाममा राखिएको प्रहरीले जनाएको छ ।

## सशस्त्र प्रहरी ड्यूटीमै बेहोस् हुँदा...

**सप्तरी, वैशाख २३।** सीमानाका बन्द र लकडाउन कार्यान्वयनका लागि सप्तरीस्थित नेपाल-भारत सीमामा खटिएका एक सशस्त्र प्रहरीको मृत्यु भएको छ । सप्तरीको बोदे बर्साइन नगरपालिका-९ देउरीमा खटिएका सशस्त्र प्रहरीका सहायक निरीक्षक ४० वर्षीय कुलबहादुर कार्कीको अचानक मृत्यु भएको सशस्त्र प्रहरी गण ६ नम्बरले जनाएको छ ।

भारतसँग सीमा जोडिएको क्षेत्रमा खटिएका कार्की अचानक बेहोस भएर ढलेपछि तत्कालै उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पताल पुर्‍याइएको थियो । अस्पतालमा पुर्‍याएपछि चिकित्सकले मृत घोषणा गरेको सशस्त्र प्रहरी नायब उपरीक्षक राजु दाहालले बताए ।

शवको राजविराज अस्पतालमा परीक्षणपश्चात दाहसंस्कारका लागि परिवारका सदस्यहरुले झापाको चन्द्रगढी लगेको सशस्त्र प्रनाउ दाहालले जानकारी दिए । उच्च रक्तचापका कारण अचानक बेहोस भई मृत्यु भएको अनुमान गरिए पनि शव परीक्षणको रिपोर्ट आएपछि मात्र मृत्युको कारण खुल्ने उनले बताए ।

## भिनाजुलाई रड प्रहार गर्दा साली पक्राउ

**मोरङ, वैशाख २३।** आफ्नै भिनाजु नाता पर्नेलाई रड प्रहार गरी घाइते बनाएको अभियोगमा बेलबारी नगरपालिका-११ लक्ष्मीमार्ग बस्ने २९ वर्षीय मनु लिम्बूलाई प्रहरीले पक्राउ गरेको छ ।

घरायसी विवादको क्रममा मनुले आफ्नै भिनाजु नाता पर्ने ४० वर्षीय पुरुषलाई फलामको रड प्रहार गर्दा घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ खटिएको स्थानीय प्रहरीले लिम्बूलाई पक्राउ गरेको हो । घाइतेलाई उपचारको लागि न्यूरो अस्पताल विराटनगरतर्फ पठाइएको र घटनाबारे थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

## ३४ जना मजदुर गौरीगञ्जमा अलपत्र

**गौरीगञ्ज, वैशाख २३।** गौरीगञ्ज गाउँपालिका अन्तर्गत हुलाकी सडकमा काम गर्ने मजदुरहरू अलपत्र परेका छन् ।

सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिका वार्ड नं. -९ बस्ने ३४ जना मजदुरहरू अलपत्र परेका हुन् । ठेकेदार कम्पनीले खाने र बस्ने व्यवस्थाको राम्रो प्रबन्ध नगरेको भन्दै उनीहरू पैदल घर हिँडेपछि अलपत्र परेका हुन् । उनीहरू आफ्नो लत्ताकपडा र सरसमान लिएर पैदल घर हिँडेपछि गौरादह नगरपालिका वार्ड नं.- ७ गुवालडुब्बामा केही स्थानीय युवाको सहयोगमा वार्ड कार्यालयमा राखिएको गुवालडुब्बा युवा समाजका अध्यक्ष भोला चक्रवर्तीले बताए ।

हुलाकी सडकमा काम गर्ने मजदुर लालबीर केसीले हप्ता दिनदेखि कम्पनीले रासन नदिएको बताए । गत चैत ८ गते काम गर्न आएका केसीले निर्माण कम्पनीलाई घर फर्कने कुराभन्दा आजभोलि भन्दै टार्दै आएको र रासनपानी समेत नदिएको आरोप लगाए । 'अन्तिममा जेसुकै होस् भन्दै हामी पैदल हिँडेका हौं'- उनले भने - 'रासन नदिएपछि भोकै बस्नु भएन ?'

हुलाकी सडक निर्माण गर्न ठेक्का लिएका कम्पनीका प्रोजेक्ट म्यानेजर दीपक श्रेष्ठले उनीहरूको खाना र बस्ने व्यवस्थामा कुनै कमी नगरिएको बताए । उनीहरूलाई घर पुऱ्याउन पासको व्यवस्थाका लागि सम्बन्धि निकायमा पहल गर्दा गर्दै उनीहरू अटेर गरेर आँफै घर हिँडेको बताए ।

गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठले हुलाकी सडकमा काम गर्ने मजदुरहरूको खाने र वस्ने व्यवस्थामा समस्या भएको विषयलाई लिएर कोही कतैबाट नआएको बताए ।

मजदुरहरूलाई खानाखान अप्ठ्यारो भए गाउँपालिका सम्पर्क गरेदिख हामीले त्यसको व्यवस्थापन गर्दैथ्यौ तर खबर नआएपछि हामीलाई कसरी थाहा हुन्छ ? अध्यक्ष श्रेष्ठले भने - घर जाने विषयमा सम्बन्धित निकायसँग समन्वय गरेर गर्नुपर्ने भएकोले समय लागेको हो ।




## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## 'एकका लागि एक' अभियान प्रभावकारी
# वाणिज्य संघले दियो ५० हजार



तस्वीर : बिजय बराल

**बिर्तामोड, वैशाख २३।** कोरोना भाइरस महामारीको अहिलेको विषम् परिस्थितिमा विपन्न, गरीव तथा असहाय परिवारलाई सहयोग गर्न झापामा शुरु भएको 'एकका लागि एक' अभियानलाई बिर्तामोड उद्योग वाणिज्य संघले ५० हजार रुपैयाँ प्रदान गरेको छ ।

एक परिवारले अर्को एक विपन्न परिवारलाई सहयोग गर्ने अभियान अन्तर्गत संघले उक्त रकमको चेक अभियानका संयोजक महेन्द्रकुमार गिरीलाई हस्तान्तरण गरेको हो । मंगलवार संघको तर्फबाट अध्यक्ष कुमार भट्टराई, निवर्तमान अध्यक्ष बलराम कार्की, पूर्व अध्यक्षहरु उमेश डालमिया, मोहन ढकाल, राजेन्द्रकुमार थापा, वरिष्ठ उपाध्यक्ष प्रकाश शिवाकोटीले संयुक्तरुपमा चेक हस्तान्तरण गरेका थिए । सहारा नेपाल (साकोस) को अगुवाईमा दुई दर्जन सामाजिक संस्थाले सामुहिक रुपमा उक्त अभियान थालेका हुन् । चेक हस्तान्तरण समारोहमा बोल्दै अभियानका संयोजक गिरीले एक विपन्न परिवारका लागि दुई हजार रुपैयाँको खाद्य सामग्रीको प्याकेज बनाइएको बताए । उनका अनुसार हालसम्म २५ लाख रुपैयाँ संकलन भई स्थानीय सरकारको समन्वयमा अति विपन्नको पहिचान तथा राहत वितरण शुरु गरिएको छ । अभियान अन्तर्गत ४० लाख रुपैयाँ संकलन गरी दुई हजार परिवारलाई राहत पुऱ्याउने लक्ष्य रहेको गिरीले बताए ।

शुरुमा अभियानको लक्ष्य एक हजार परिवारलाई राहत पुऱ्याउने थियो । सहयोगी हातहरुले स्वस्फूर्त रुपमा सहयोग रकम जम्मा गर्ने क्रम बढेपछि अभियानलाई विस्तार गरिएको बताइएको छ । कार्यक्रमको सञ्चालन बिर्तामोड उद्योग वाणिज्य संघका महासचिव भेषराज भण्डारी प्रशान्तले गरेका थिए ।

## जर्मनीबाट गिरीको सहयोग



**बिर्तामोड, वैशाख २३।** झापाको कनकाई नगरपालिका १, प्रजापती निवासी गायत्रीनाथ गिरीले कोरोना महामारीको संकटको यो घडीमा अति विपन्न परिवारलाई राहतका लागि दश हजार रुपैयाँ प्रदान गरेका छन् ।

हाल जर्मनीमा बस्दै आएका गिरीले सहारा नेपालसहित झापाका दुई दर्जन सामाजिक संस्थाको सामुहिक अभियान 'एकका लागि एक' अन्तर्गत सो रकम प्रदान गरेका हुन् । एक परिवारले अर्को एक विपन्न परिवारलाई सहयोग गर्ने अभियान अन्तर्गत उक्त रकम अभियानका संयोजक महेन्द्रकुमार गिरीलाई हस्तान्तरण गरिएको छ ।

उनका दाजु एकराजले अभियानका संयोजक गिरीलाई मंगलवार बिर्तामोडमा नगद रकम हस्तान्तरण गरेका हुन् । जर्मनीमा बसेर पनि समर्पण अभियान राष्ट्रिय अभियान लगायत सामाजिक अभियानमा जोडिएका उनी प्रजापतीस्थित मानबहादुर गिरीका कान्छा छोरा हुन् ।

## मेचीनगरमा राहत

**मेचीनगर, वैशाख २३।** सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था चारपाने झापाले विभिन्न संघ संस्थाको सहयोगमा शुरु गरेको 'एकका लागि एक अभियान' अन्तर्गत मंगलबार मेचीनगरका विभिन्न वडामा राहत सामग्री हस्तान्तरण गरेको छ । संस्थाले पहिलो चरण अन्तर्गत मेचीनगरका १५ वटा वडामध्ये नौ वटाका १ सय ७६ जनालाई राहत सामाग्री उपलब्ध गराएको हो ।

नोवल कोरोना भाइरस कोभिड १९ को महामारीबाट बच्नका लागि नेपाल सरकारले घोषणा गरेको लकडाउनका कारण कुनै पनि मानिस भोकै बस्नु नपरोस् भन्ने उद्देश्यले पहिलो चरण अन्तर्गत बैशाख १९ गतेदेखि झापामा अभियान शुभारम्भ गरिएको संस्थाले जनाएको छ ।

अभियानकै क्रममा काँकरभिट्टास्थित संस्थाको शाखा कार्यालयमा मेचीनगरका ५, ६, ७ र ८ का ७५ जनालाई राहत सामग्री प्रदान गरिएको हो । नगरको ६ नम्बर वडाका मात्र ३० जनालाई राहत सामग्री प्रदान गरिएको इलाका प्रवन्धक मुकुन्दसेन कार्कीले जानकारी दिए । राहतका लागि छनौटमा परेका कूल झापामा १ हजार २ सय ५० जनालाई सामग्री वितरण गर्ने संस्थाले जनाएको छ । कार्कीका अनुसार राहत सामग्रीमा चामल २५ केजी, दाल २ केजी, नुन २ केजी, खानेतेल १ लिटर, साबुन लुगाधुने र नुहाउने १/१ वटा छ । संस्थाले सम्बन्धित वडाका वडाध्यक्षसहित जनप्रतिनिधिलाई राहत सामग्रीको कुपन हस्तान्तरण गरे लगत्तै सम्बन्धित वडाले कुपन प्राप्त गरेका व्यक्तिलाई राहत सामग्री उपलब्ध गराएको मेचीनगर वडानम्बर -५ का वडाध्यक्ष योगेन्द्र थापाले जानकारी दिए । मेचीनगर नगरपालिकासँग अभियान सञ्चालनको स्वीकृत लिएर सम्बन्धित वडा कार्यालयहरुसँग समन्वय गरेर राहत सामग्री प्रदान गरिएको हो ।

नेपाल सरकारबाट वितरण हुने सामाजिक सुरक्षा भत्ता नपाउने, एकल दलित, ज्येष्ठ तथा पिछडा वर्ग, पेन्सन भत्ता नपाउने परिवार, कुनै पनि संगठित क्षेत्रमा नोकरी/रोजगारी नगर्ने परिवार, बस्ने घरमात्र भई खेतीपाती गर्ने जग्गाजमिन नभएको परिवार, भारतदेखि बाहेक बैदेशिक रोजगारमा नगएको परिवारलाई मात्र राहतका लागि छनौट प्रक्रियाको मापदण्ड कायम गरिएको छ ।

राहत वितरण गर्ने परिवार छनौट गर्दा झापा जिल्ला अन्तर्गतका १५ वटै पालिका अन्तर्गत रहेका रेडक्रस झापाका प्रतिनिधिहरुसँग समन्वय गरिएको छ । स्थानीय तहसँगको समन्वय र सहकार्यमा राहत वितरण गरिने छ ।

सहारा नेपाल, नेपाल रेडक्रस सोसाइटी झापा, जिल्ला सहकारी संघ झापा, गैरसरकारी संस्था महासंघ, राष्ट्रिय उपभोक्ता महासंघ, वीरता जेसीज, रोटरी क्लब मिडटाउन बिर्तामोड, राष्ट्रिय सहकारी बैंक, लायन्स क्लब सुरुङ्गा, नेप्लिज टिन्स, जेसीज पूर्व अध्यक्ष समाज झापा, लायन्स क्लव अफ विर्तामोड, विर्तामोड उद्योग बाणिजय संघ, मेची पेट्रोलियम डिलर्स एशोसिएशनलगायतका संघ संस्था अभियानमा संलग्न छन् भने आर्थिक पाटो सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था केन्द्रीय कार्यालय चारपाने रहेको छ । अभियान अन्तर्गत अर्जुनधारा, कन्काई, भद्रपुर र दमकका एक/एक सय घर परिवार, विर्तामोड नगरपालिका क्षेत्रका १ सय ५० र मेचीनगर नगरपालिकाक्षेत्रका १ सय ७६ घरपरिवारलाई राहत सामग्री प्राप्त गर्ने छन् ।




# खाली ट्रकबाट एक करोड नौ लाख भारुसहित दुई जना पक्राउ



**विराटनगर , वैशाख २३।** सशस्त्र प्रहरीले विराटनगरस्थित रानी भन्सार नाकाबाट ठूलो परिमाणमा भारतीय रुपैयाँ बरामद गरेको छ ।

भारतको सुपौलबाट आएको डब्लूबी ७३ ई ७६७५ नम्बरको खाली ट्रक एकीकृत भन्सार जाँच चौकीमा भारतबाट नेपाल प्रवेश गरेपछि चेकजाँचका क्रममा सशस्त्र प्रहरीको सीमा सुरक्षा बलले १ करोड ९ लाख ६९ हजार भारतीय रुपैयाँ बरामद गरेको सशस्त्र प्रहरी बलका एसपी नेत्रबहादुर कार्कीले बताए ।

रकमसँगै भारतको शिलगढी गंगानगर वडा नं -५ बस्ने २४ वर्षीय चालक रविकुमार शर्मा र भारत कैमजहपुर विहार रोउती मिया, वडा नं.- १२ बस्ने १८ वर्षीय सहचालक पप्पु कुमारलाई समेत पक्राउ गरिएको उनले बताए । घटनाबारे थप अनुसन्धान गरिरहेको उनले बताए ।

# यस वर्ष एसईई नगर्न आग्रह

**झापा, वैशाख २३।** निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) ले कोरोना भाइरसको रोकथामका लागि जारी बन्दाबन्दीका कारण स्थगित माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (एसइई) सञ्चालन हुन नसक्ने भएकाले आन्तरिक मूल्याङ्कनलाई आधारमा मान्न आग्रह गरेको छ ।

सरकारले परीक्षा सञ्चालनको वैकल्पिक उपायहरुबारे विमर्श गरिरहेका बेला प्याब्सनले वि.सं. २०७६ को परीक्षामा सम्मिलित हुने विद्यार्थीका लागि मात्रै लागू हुने गरी आन्तरिक मूल्याङ्कनलाई नै राष्ट्रिय परीक्षा बोर्डले प्रमाणीकरण गरी ग्रेडसिट र प्रमाणपत्र दिने व्यवस्था गर्न उपयुक्त हुने जनाएको हो ।

कोरोना महामारीका कारण परीक्षा स्थगन हुँदा विद्यार्थी र अभिभावकमा मानसिक तनाव र अन्योल सिर्जना भएको उल्लेख गर्दै प्याब्सनका अध्यक्ष टीकाराम पुरीले विज्ञप्ति जारी गरी कानूनी बाधा अड्चन हटाई आन्तरिक मूल्याकङ्नलाई आधार मान्ने गरी आवश्यक निर्णय गर्न नेपाल सरकारसँग आग्रह गरेका छन् । गत चैत ६ गतेदेखि हुने तय भएको सो परीक्षा चैत ५ गतेको कोरोना रोकथाम तथा उच्चस्तरीय समन्वय समितिको निर्णयपछि स्थगन भएको थियो । त्यसपछि कक्षा ११ र १२ का परीक्षा पनि स्थगन गरिएका छन् ।

# लकडाउनमा १७६ महिला तथा बालिका हिंसाका घटना दर्ता

**झापा, वैशाख २३।** बन्दाबन्दीको अवधिमा (चैत ११ गतेदेखि वैशाख १९ गतेसम्म) महिला पुनःस्थापना केन्द्र (ओरेक) मा १७६ वटा महिला तथा बालिका हिंसा सम्बन्धी घटना दर्ता भएका छन् ।

ओरेकले सञ्चालन गरिरहेको तीन हटलाइन र २८ जना मनोपरामर्श दातामार्फत यी घटना दर्ता भएका हुन् । महिला तथा बालिका हिंसाका घटनामा १०३ घरेलु हिंसा, १५ सामाजिक हिंसा, २६ बलात्कार र पाँच बलात्कारको प्रयास रहेका छन् ।

यो अवधिमा एउटा हत्या, दुई हत्या वा आत्महत्या अनुसन्धानका क्रममा रहेको, सात यौन दुर्व्यवहारका घटना, ११ आत्महत्या, दुई हत्याको प्रयास र दुई साइवर अपराधसँग सम्बन्धित घटना रहेका छन् ।

त्यस्तै सामान्य अवस्थामा जस्तै पीडक परिवारकै सदस्य बढी भएको पाइएको छ । हिंसा गर्ने व्यक्तिमा सबैभन्दा बढी ७८ जना श्रीमान् र ३७ जना परिवारका सदस्य रहेको पाइएको छ । यस अवधिमा सङ्कलन भएका २६ बलात्कारको घटनामध्ये दुई सामूहिक बलात्कार, १८ छिमेकी, एक बाबु, एक आफ्नै दाजु, एक परिवारका सदस्य, तीन प्रेमी ठानिएका व्यक्ति, र दुई पहिचान नखुलेका व्यक्ति रहेका ओरेकका कार्यकारी निर्देशक लुभराज न्यौपानेले जानकारी दिए ।

यी घटनालाई उमेर समूहका आधारमा हेर्दा सबैभन्दा बढी १७ देखि २५ वर्ष उमेर समूहका ५५ महिला हिंसाबाट प्रभावित भएका पाइएको छ ।

२६ देखि ३५ वर्षका ४५, ३६ देखि ४५ उमेरका २७, ४६ वर्षभन्दा माथि उमेरका १७, १६ वर्षभन्दा कम उमेरका २५ बालिका र उमेर समूह थाहा नभएका सात जना हिंसाबाट प्रभावित भएको ओरेकले जनाएको छ ।

ओरेकका अनुसार यी घटनामा ७४ प्रहरीमा उजुरी दर्ताका लागि गएका, २२ मेलमिलाप समितिमा गएका, २१ हिंसा सहन नसकेर आमाबाबु वा आफन्तको घरमा बेसेका र बाँकी प्रभावितले कुनै निकायमा सहयोगका लागि हाल उजुरी गरिनसकेका देखिन्छन् ।

बन्दाबन्दीमा बढी महिला हिंसाको शिकार भएको जिल्ला सिरहाबाट ३५, मोरङबाट २६, धनुषाबाट २३, कैलालीबाट २०, दाङबाट १४, सुनसरीबाट १२ र रुकुमबाट नौ जना रहेका छन् ।

**आकर्षक घडेरी बिक्रीमा**

**झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।**

**नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा**

**सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)**

## जंगली च्याउ खाँदा बुबा-छोरा बिरामी

**संखुवासभा, बैशाख २३।** संखुवासभाको सभापोखरी गाउँपालिका-६ बाह्रबिसेका ४५ बर्षीय सूर्यबहादुर लिम्बू र निजको ६ बर्षीय छोरा आमोस लिम्बू जंगली च्याउ खाँदा बिरामी भएका छन् । घर नजिकै जंगलबाट टिपेर ल्याएको च्याउ पकाएर खाएका दुबै बुबा छोरा बिरामी भई जिल्ला अस्पताल खाँदवारीमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ ।

## खोलाले बगाएर बालिकाको मृत्यु

**खोटाङ, बैशाख २३।** खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका -९ निर्मलीडाँडा बस्ने शुक्र रोक्काको १४ बर्षीया छोरी अम्बिका रोक्काको खोलाले बगाएर मृत्यु भएको छ ।

बाखा चराउन खोलातर्फ गएको र फर्किंदा बाटोमा पर्ने साप्सु खोला तर्ने क्रममा अचानक बाढीले बगाई बालिका बेपत्ता भएको भन्ने खबर प्राप्त भएसँगै प्रहरी चौकी चिउरीडाँडाबाट खटिएको प्रहरी टोली र स्थानीयवासी समेतको टोलीले खोजतलास गरेको थियो । उनलाई बगाएको स्थानभन्दा करिव १ किलोलमिटर तल मृत अवस्थामा बालिकाको शव फेला परेको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको छ ।

# १२ जनाको मृत्यु कोरोनाबाट नभएको पुष्टि

**झापा, वैशाख २३।** महोत्तरीका बर्दिवास र भङ्गाहा नगरपालिकाका बस्तीमा १२ जनाको मृत्युको कारण कोभिड-१९ नभएको पुष्टि भएको छ । यही वैशाख ११ गतेदेखि आइतबारसम्म बर्दिवास-१२ र भङ्गाहा-६ र ७ मा मृत्यु भएका १२ मध्ये तीन जनाको कोभिड-१९ जाँच नेगेटिभ आएपछि जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीले सबैको मृत्यु अन्य कारणबाट भएको जनाएको हो ।

तीन जनाको आरडीटी नतिजा नेगेटिभ आएपछि पीसीआर परीक्षण गरिएको हो । मृतकमध्ये भङ्गाहा-७ का सिकेन्द्र सिंह र सुकदेव महराको पीसीआर नतिजा पनि नेगेटिभ आइसकेको र आइतबार निधन भएका रुपनारायण सिंहको भने जाँच नतिजा आउन बाँकी रहेको सोमबार भङ्गाहा-७ मेघरोलमा आयोजित कार्यक्रममा कार्यालयका जनस्वास्थ्य निरीक्षक तथा कोभिड-१९ रोकथाम अभियानका स्रोतव्यक्ति गिरेन्द्रकुमार झाले जानकारी दिए ।

बर्दिवास-१२ र भङ्गाहा-६ र ७ का जोडिएका बस्तीमा पछिल्ला ११ दिनभित्र १२ जनाको मृत्यु भएपछि गत शनिबारदेखि यहाँ स्वास्थ्य सेवा विभाग, विश्व स्वास्थ्य सङ्गठन, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीका दक्ष चिकित्सक टोली घटनाको कारण खोज्न अनुसन्धानमा व्यस्त छन् ।



हालसम्मको अध्ययन र अनुसन्धानबाट धेरैजसोको मृत्युको कारण विषाक्त मदिरा सेवन नै भएको स्वास्थ्य सेवा विभागका दक्ष चिकित्सक डा. अमृत पोखरेलले जानकारी दिए । यद्यपि मृतकहरुको भिसेरा परीक्षणको नतिजा आएपछि यकिनसाथ भन्न सकिने डा. पोखरेलसहितका चिकित्सक टोलीको सामूहिक भनाइ छ ।

'बस्तीमा दिनहुँजसो भटाभट मान्छे मरिरहेपछि कोरोना हो कि भन्ने त्रास व्याप्त थियो'- अनुसन्धान टोलीमा संलग्न बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानका चिकित्सक डा. खेम शर्माले भने - 'त्यो त्रास भने अब हटेको छ, मृत्युको कारण अनियन्त्रित मदिरा सेवनसँगै जोडिएको देखिन्छ ।'

दुई नगरपालिकाका एकअर्कोसँग जोडिएका बस्तीमा यस अवधिमा मृत्यु भएकामध्ये भङ्गाहा-७ का सात, भङ्गाहा-६ का एक र बर्दिवास-१२ का चार जना छन् । मृतकमध्ये एक महिला र अन्य सबै पुरुष छन् ।

प्रभावित बस्ती पुगेका प्रदेश नं. २ का आन्तरिक मामिलामन्त्री ज्ञानेन्द्रकुमार यादव र सामाजिक विकासमन्त्री नवलकिशोर साहले मृतक परिवारका आश्रित बालबालिकाको शिक्षा र अति आवश्यकीय गर्जो टार्न प्रतिपरिवार रु. एक लाख राहत प्रदेश सरकारले उपलब्ध गराउने घोषणा गरे । प्रदेशमा अब अवैध मदिराभट्टी पूर्णरूपले बन्द गर्न आवश्यक सबै तयारी गरिने मन्त्री यादवको भनाइ छ ।







श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# सामुहिकता नै पहिलो हतियार हो

बन्दाबन्दीको समय फेरि थपिने संकेत देखिएको छ । कोरोना संक्रमितहरूको संख्या दिनहुँ बढ्ने क्रममा रहेकाले लकडाउनको समय बढाउनुको विकल्प पनि छैन । तर हेक्का राख्नु पर्ने कुरा हो कि यसले आमनागरिकको जीवनको असहज नहोस् । बन्दका कारण बिपन्न मात्र होइन मध्यमवर्गीय  पनि प्रभावित हुन थालेका छन् । अत्यावश्यकीय बस्तु र सेवा असहज भएको छ । उपलब्ध वस्तुको मूल्य आकाशिएको छ । अझ बिपन्न र मजदुरी गरेर जीवनयापन गर्नेहरू भोकले मरिने चिन्ताले छट्पटिएका छन् । यद्यपि प्रधानमन्त्रीले भोकले कोही नमर्ने दाबी गरेका छन् तर धरातल बेग्लै र भयाबह बनिँदैछ ।

छिमेकी देश भारतले बन्दाबन्दीको सीमा अरू थपेको छ । हामी भूगोलकै कारण ऊबाट बढी प्रभावित छौं । बन्द, उच्च निगरानी र सुरक्षा उपस्थितिका बीच पनि "आउजाउ" भइरहेको सन्दर्भले पनि  त्यहाँको बढ्दो कोरोना प्रभावबाट हामी मुक्त हुन सक्दैनौँ । यसकारण पनि हामीले बन्दको कहरबाट तत्काल उन्मुक्ति पाउने सम्भावना छैन । बन्द त केवल प्रतिरोधात्मक उपाय हो कोरोना भाइरसबिरूद्धको लडाइँको । त्यसको संसर्ग हुन नपाओस् त्यसखातिर स्वयम्ले अख्तियार गर्ने सरल उपाय ।

संक्रमित भइहालेको अबस्था कल्पनाभन्दा धेरै डरलाग्दो हुन्छ, जुन नपरेकाहरूले अनुमान गर्नै सकिन्न । पछिल्लो समय कोरोना परीक्षणको नतिजाले हामी असुरक्षित हुन थालेको तस्बीर देखाएको छ । नेपालगञ्जमा गरिएको परीक्षणको नतिजापछि प्रतिरक्षाका लागि लागू गरिएको निषेधाज्ञा समेत उल्लंघन भएको समाचारले कि अज्ञानता कि त अभाबको संकेत गर्छ । यी दुबैको उपचार सम्भव छ र त्यो सरकारको भूमिकामा निर्भर गर्छ । अब पहिचान गर्न ढिला गर्नु हुँदैन कि कुन समुदाय यो महामारीबाट बढी प्रभावित छ । यसका लागि प्रतिरक्षासँगै पहिचान, परीक्षण र उपचारमा केन्द्रित हुनुपर्दछ । नतिजापछि परीक्षणको गति नै सुस्त भएको समाचारले आमजनमानसमा त्रास बढाएको छ ।

यतिखेर राज्य अर्थात् सरकारको सक्रिय उपस्थिति चाहिन्छ । जनताले त्यही खोजिरहेका छन् । तर सरकार र सत्तारूढ दल भने गुटगत स्वार्थको लडाइँमा छन् । इतिहासकै सर्बाधिक बलियो भनिने नेपाल कम्युनिष्ट पार्टीको सरकार सत्तामा विराजमान छ, जसलाई अझै अढाई बर्ष अरूले हल्लाउन सक्दैन । तर पद लिप्साले आफू –आफूबीच नै  अविश्वास र आशंका बलियो हुँदै गएपछि बिखण्डित हुने अवस्था नआउला भन्न सकिन्न । यतिबेला पनि संघीय तथा प्रदेश सरकारका प्रतिनिधिहरूको भूमिका देखिएको छैन । अझ त्यहाँ प्रतिनिधित्व गर्ने सदस्यहरू अभाब र असुबिधासँग लड्दै रहेका जनताको दुःखमा एकाकार  भएको कतै पढ्न , सुन्न वा देख्न पाइएको छैन । यस्तो व्यबहारले न युद्ध जित्न सकिन्छ न त सामुहिक अग्रसरताका अनुभूति गराउँछ । सारा विश्वको सामुहिक चिन्ता र समस्याका रूपमा रहेको भाइरसबिरूद्धको युद्धमा बिरोधीहरूलाई समेत एउटै मोर्चामा लामबद्ध गर्न सक्ने उदात्त भूमिका आजको आवश्यकता हो । यो संकटलाई कोही कसैले दुर्भाव वा स्वार्थपूर्तिको अवसर बनाउन खोजे स्वयम्का लागि प्रत्युत्पादक हुनसक्छ । त्यसैले यो लडाइँ जित्न बन्दाबन्दीलाई व्यवस्थित गर्दै सामुहिक जिम्मेवारी लिएर नैतिकतासहितको मोर्चा बनाउनु पर्छ । यसका लागि फेरि पनि सरकारकै भूमिका जरूरी छ ।



दिनेशजंग कटुवाल

# महामारीले देखायो आत्मनिर्भरताको बाटो

महामारीको रूपमा फैलिँदै गएको कोरोना भाइरस (कोभिड -१९) विरुद्ध विश्वका मुलुकहरू लडिरहेको स्थिति छ । मानिसहरु  भय र त्रासले बाँच्न बाध्य छन् । विकशितदेखि अति विकशित भनिने मुलुकहरुमा लाखौं मानिसहरूमा संक्रमण भएको छ भने हजारौंको संख्यामा मृत्यु भइसकेको छ । अहिलेको समयमा मानिससँग अन्तरीक्षमा यात्रा गर्ने यन्त्र छ, साधन छ । तर कोरोना भाइरसलाई जित्न सक्ने औषधि छैन, साधन छैन । विभिन्न विद्वानहरुका विश्लेषण अनुसार कोरोना भाइरस हतियारबिनाको अर्को विश्वयुद्ध भएको जिकिर छ । मानवका लागि यो कोरोना भाइरसको संक्रमण निकै चुनौतिपूर्ण स्थिति हो भनिएको छ । ठूलो जनधनको क्षति हुने स्थिति बन्छ भन्ने तर्क छ ।

कोरोना भाइरसको चपेटामा परेका मुलुकहरुको अर्थतन्त्र डामाडोल हुने स्थिति छ । विश्व अर्थतन्त्रमा गिरावट आउने र आर्थिक मन्दी हुनेमा कुनै शंका छैन । अहिलेको अवस्थाले निरन्तरता पाएमा भोलिका दिनमा भोकमरीको स्थिति सिर्जना नहोला भन्ने स्थिति पनि छैन । यसैगरी कोरोना महामारी अझै केही महिना रहिरहने हो भने मानिसलाई निकै ठूलो चुनौति थपिने निश्चित नै छ । यसरी विश्वभर महामारीको रूपमा फैलिएको कोरोना संक्रमणदेखि नेपाल पनि अछुतो छैन ।

नेपाल एक गरीब राष्ट्र त्यहीमाथि मुलुकको आम्दानीको दह्रो श्रोत वैदेशिक रोजगारीबाट भित्रने रेमिट्यान्स हो । वैदेशिक रोजगारीका लागि विदेशिने नेपालीहरुको तथ्यांक हेर्ने हो भने लगभग ६० लाखको हाराहारीमा नेपाली श्रमिक विश्व बजारमा बेचिएका छन् । विश्व अहिले कोरोना महामारीको चपेटामा परेको स्थिति छ । नेपाली श्रमिकहरुले श्रम गर्ने विकशित र अति विकशित मुलुकहरूले यो समयमा लकडाउनको सामना गरिरहेका छन् । लकडाउनको सामना गर्ने मुलुकहरुको अर्थतन्त्र धरापमा पर्ने सम्भावना छ । ६० लाख श्रमिक मध्येका ४० प्रतिशत नेपाली श्रमिक स्वदेश फिर्ता भए भने पनि देशको स्थिति कस्तो होला ? देशका लागि



मुलुकको अर्थतन्त्रमा त घाटा हुन्छ नै गरिवी, बेरोजगारी, हत्या, हिंसा र लुटपाट बढ्ने सम्भावना पनि हुन्छ । यस्तो स्थिति आएको खण्डमा सरकारले कस्तो कदम चाल्नुपर्ने हुन्छ त ? त्यसको बिषयमा सोच्नुपर्ने समय आएको छ ।

मुलुक कोरोनाको चपेटामा परेको छ । जटिल परिस्थितिले मुलुक पूर्ण रुपले लकडाउन गरिएको छ । लकडाउन भएको पनि ४३ दिन भइसकेको स्थिति छ भने भोलिका दिनमा लकडाउन अझै लम्बिने देखिन्छ । कोरोनाको कारणले अधिकांश उद्योग, कारखाना, होटल रेष्टुराँ लगायतका क्षेत्र बन्द हुने परिस्थिति छ । यस्तो भएमा वैदेशिक रोजगारीका लागि विदेशिएका नेपालीहरु स्वदेश फिर्ता हुने संख्या बढ्ने देखिन्छ । देशलाई यसैगरी महिनौं लकडाउन गरे भोलिका दिनमा भोकमरी त नहोला तर खाद्यान्न लगायतका अत्यावश्यक सामान र बस्तुको संकट नहोला भन्न सकिँदैन । अरु विकशित मुलुकहरुको जस्तो हाम्रो अर्थतन्त्र छैन, उद्योग, कारखाना छैनन् त्यसैले हाम्रो मुलुकलाई कोरोनाले विकशित मुलुकको अर्थतन्त्रमा जस्तो असर पार्दैन र पार्ने कुरा पनि भएन किनभने हाम्रो न्यून अर्थतन्त्र बोकेको मुलुक हो ।

अहिलेको चीनले कुनै समयमा भोकमरीबाट आफ्नो करोडौं जनता गुमाएको थियो तर अहिले चीनलाई हेरौं ऊ अग्रस्थानमा आउन केही कदम मात्र पछाडि छ । चीनले आर्थिक क्रान्तिको शुरुवात कृषिक्रान्तिबाट गरेको थियो । यस आलेखमा चीनलाई बीचमा घुसाउनुको कारण हामीसँग चुनौति र अवसर दुईवटै नै छ । ८० प्रतिशत नेपाली भू-भाग कृषियोग्य छ भने हाम्रा युवा जनशक्ति रोजगारी नपाएर विदेशिनु परेको छ । यस्तो अवस्थामा सरकारले कृषि सम्बन्धी नयाँ-नयाँ योजनाहरु ल्याउनु पर्छ । कृषि क्षेत्रमा बृहत लगानी गर्नुपर्छ । मुलुक संघीयतामा गइसकेको छ । स्थानीय सरकारहरुले कृषिमा आत्मनिर्भर गराउने खालका बिशेष खालका कार्यक्रम ल्याउनेतर्फ भूमिका खेल्न सक्नुपर्छ । कृषि बजारको उचित व्यवस्थापन गर्नुपर्छ । तराईलाई अन्नको भण्डारणको रूपमा प्रयोग गरेर अन्नको मेरुदण्ड तराईलाई बनाउनुपर्छ भने पहाड र हिमाललाई फलफूल र जडिबुटीको हबको रूपमा विकास गर्नुपर्छ ।

सरकार र जनताको स्वामित्व हुने गरी पारदर्शी तरिकाले सरकारले जनता र सरकारको लगानीमा ७७ वटै जिल्लामा कोल्डस्टोर (भण्डारण गृह) निर्माण गर्नुपर्छ । आज जुम्लामा उत्पादन भएको स्याउ कुहिएर खेर गएको छ, पहाडमा उत्पादन भएको बस्तु कौडीको भाउमा जान्छ , तराईमा उत्पादन भएको धान, गहुँ , गेडागुडी भारतमा बेचेर भारतबाट महँगोमा आयात गर्नुपरेको छ । अब कोल्डस्टोर निर्माण गरेर यस्तो विडम्बनालाई अन्त्य गर्नुपर्छ । हामीसँग जनशक्ति प्रयाप्त छ । हाम्रो जनशक्तिको प्रयोगले अरब मुलुक र अन्य मुलुकहरु विकशित भएका छन् । हाम्रो मुलुकको स्थान झन्झन् खस्किँदै छ । यो जनशक्तिलाई सही प्रयोग गर्ने सरकारले हो त्यसैले सरकारमा बसेकाहरुमा दुरदर्शिता र सफल नेतृत्व गर्न सक्ने क्षमतावान हुनुपर्छ ।

अझै वर्तमान स्थितिको कुरा गर्ने हो भने सरकार कोरोना महामारीको बारेमा खासै जवाफदेही भएको देखिएन । अझै भनौं सरकार जनता जोगाउन होइन कुर्सी जोगाउन लागीपरेको देखियो । यस्तो जटिल परिस्थितिमा सरकारमा बसेकाले यस्तो बेमौसमी खेती गरे यसले हुने क्षतिको जिम्मेवार को हुन्छ ? सुखद कुरा हो कोरानाले आजसम्म नेपालमा एक जना नेपालीको पनि ज्यान गएको छैन । यदि सरकारको गैरजिम्मेवारपनको कारणले कोरोनाबाट मृत्यु भए अथवा यसको संक्रमण नियन्त्रण बाहिर गए कसले जिम्मा लिन्छ ? यो समय कुर्सीका लागि लुछाचुँडी गर्ने समय होइन । दुरदर्शिता राखौं देशमा भएको कृषिको सम्भाव्यता खोजौं । जनताको लगानीमा जनतालाई नै रोजगारीको सिर्जना गरेर देशको अर्थतन्त्र विकास गरौं । यदि चाहने हो र भिजन लिएर लाग्ने हो भने समृद्धि हाम्रै पालोमा सम्भव छ । सरकारले युवा शक्तिलाई वैदेशिक रेमिट्यान्सको लागि बेच्ने होइन स्वदेशमा नंग्रा खियाउने बाताबरण सिर्जना गरे मुलुकले आफैं गति लिन्छ । हामीलाई वातावरण र बजार ब्यवस्थापन भए पुग्छ सरकार देश हामीले बनाउँछौं ।

# बालबालिकामा मानसिक समस्याको जोखिम बढ्यो

**झापा, वैशाख २३ ।** विश्वव्यापीरुपमा फैलिरहेको कोभिड-१९ का कारण कतिपय बालबालिकामा निद्रा नलाग्ने, झर्को लाग्ने र एउटै कुरा मनमा खेलाउने जस्ता समस्या देखिन थालेको छ । कोभिड-१९ को रोकथामका लागि सरकारले जारी राखेको 'लकडाउन' का समयमा बालबालिकामा मनोत्रासको समस्या बढी मात्रामा देखिएको हो । अस्पतालले अहिले पनि बालबालिकामा आउनसक्ने मनोसामाजिक समस्याको उपचारका लागि सेवा सञ्चालन गरिरहेको छ ।

त्यस्तै, अस्पताल तत्काल आउन नसक्नेका लागि ९८०८५२२४१० नम्बरमा सम्पर्क गर्न भनिएको छ । टेलिफोनमा र अस्पतालमा आएका बालबालिकामा विभिन्न किसिमका समस्या देखिन थालेको मनोचिकित्सक डा. आलोक झाले बताए । उनले भने -कतिपय बालबालिकामा कुनै समस्या नभए पनि अभिभावक बढी चिन्तित भएको पनि पाइएको छ ।

रोगबाट बच्नका लागि आवश्यक सावधानी अपनाउनु पर्ने भए पनि कतिपय अभिभावकले सन्तानलाई धेरै डर देखाउँदा समस्या आएको अस्पतालले जनाएको छ । रोगकै त्रासका कारण बालबालिकामा निद्रा नलाग्ने र अरु कुनै पनि कुरामा मन नलाग्ने समस्या पाइएको उनले बताए । कतिपय बालबालिकामा शरीर झम्झमाउने लगायत शारीरिक समस्या भने पनि उपचारका क्रममा त्यो मानसिक समस्या भन्ने देखिएको छ । बालबालिकामा यो समयमा मुख्य गरी इञ्जाइटिक (मनोत्रास), कन्भर्जन डिस्अर्डर र एडजेस्टमेन्ट डिसअर्डरका समस्या पाइएको छ । उनले भने -जसरी पहिले नसोचेको कुरा एकैपटक आउँदा बयस्कमा तनाब छ त्यो कुरा बालबालिकामा पनि हुन्छ ।

अहिले देशभरमा संक्रमित ८२ मध्ये कतिपय बालबालिका समेत छन् । ती बालबालिका निको भएर फर्केपछि पनि बारम्बार आफूलाई अझै संक्रमण छ कि भन्ने सोच्ने समस्या आउन सक्ने मनोचिकित्सक डा. झाले बताए ।

समाजले अहिले पनि कोभिड-१९ को उपचारपछि घर फर्किएकालाई हेलाका दृष्टिले हेर्ने कुरा सञ्चारमाध्यममा आइरहेको छ । उनले भने -त्यसले पनि बालबालिकामा तनाब गराउन सक्छ ।

अस्पतालले फोनबाटै बिरामीको समस्या सुनेर आवश्यक सल्लाह दिने गरेको छ । लकडाउनको समयमा अस्पताल जान सहज नभएकाले ती अभिभावकसँग मेसेञ्जर र भाइवरबाट पनि आवश्यक परामर्श दिइएको डा. झाले बताए । मनोसामाजिक शाखामा कार्यरत् चिकित्सकले ती बालबालिकाको घर नजिकै हुँदा वा भेटेरै उपचार गर्नुपर्दा बोलाउने गरेका छन् । उनले भने - तत्काल आउन नपर्ने र टाढा घर भएकालाई भने फोनबाटै आवश्यक सुझाव दिइन्छ ।

कतिपय अभिभावक साना बालबालिकालाई समेत कोभिड-१९ का बारेमा बुझाउन चाहेको पाइएको डा. झाले बताए । रोगका बारेमा बुझ्ने उमेर नभएका बालबालिकालाई त्यसका बारेमा बुझाउन आवश्यक नभएको उनको भनाइ छ । ती बालबालिकालाई सफाइमा ध्यान दिने, घर बाहिर खेल्न नजाने र भीडभाडमा जान हुँदैन भन्ने कुरा अरु तरिकाले पनि बुझाउन सकिन्छ । खासगरी ६ वर्ष नाघेका बालबालिकाले रोगका विषयमा बुझ्ने हुँदा उनीहरुलाई आवश्यक कुरा मात्रै बुझाउनुपर्ने उनले बताए । यो समयमा अभिभावकले सन्तानलाई समय तालिकामा नै सबै क्रियाकलाप गराउँदा उपयुक्त हुन्छ । अभिभावकसँग पनि समय भएकाले बिहान उठेदेखि राति सुत्दासम्म के-के गर्ने भनी तालिका बनाएर गर्नुपर्ने उनको सुझाव छ ।

बालबालिकालाई मोबाइल वा टिभीमै बढी समय बिताउन दिनुहुँदैन- उनले भने -चित्र बनाउने, कथा भन्न, पढाउन लगाउने र अरु सिर्जनात्मक काममा लगाउन सकिन्छ । अस्पतालको कल सेन्टरमा अहिलेसम्म ६८ जनाले टेलिफोन गरेर परामर्श लिइसकेका छन् । तीमध्ये कतिपय भने अस्पताल पनि आइरहेका छन् । अस्पतालमै मानसिक समस्याको उपचारका लागि आउने बालबालिकाको सङ्ख्या झण्डै ८० को हाराहारीमा छ ।

कोभिड-१९ को स्याटलाइट अस्पतालका रुपमा कान्ति बाल अस्पताल रहेको छ । अस्पतालले खोप कार्यक्रम, बहिरङ्ग विभागलगायत अत्यावश्यक सेवालाई लकडाउनको समयमा पनि निरन्तरता दिएको छ ।

अस्पतालले कोभिड-१९ रोकथामका लागि कर्मचारीको हाजिर थम्ब नगरेर अनुहार पढ्ने (फेस रिड) शुरु गरिएको अस्पताल निर्देशक कृष्ण पौडेलले बताए । छिट्टै इटिकेटिङ शुरु गर्न लागिएको उहाँले जानकारी दिए ।

मानसिक समस्याबाहेकका अरु शारीरिक रोगको अहिले तत्काल उपचार नगरी नहुने वा ठूलो समस्या आउँदाबाहेक 'फलो अप' का लागि अहिले अस्पताल नआउन बिरामी बालबालिकाको अभिभावकलाई आग्रह गरेको छ । लकडाउनमा जिल्ला जिल्लाबाट वा काठमाडौँमा पनि आउन सहज नभएकाले अत्यावश्यकबाहेक अस्पताल नआउन भनिएको हो ।

जुनसुकै बालबालिकामा स्वास्थ्य समस्या देखिँदा ड्युटीमा रहेका चिकित्सकलाई सोध्न सकिने गरी नम्बर तय भएका छन् । यो समयमा बालबालिकामा कुनै पनि समस्या देखिएकामा ०१-४४२७४४९ वा ९८४७३८६२०५ मा फोन गरेर मेडिकल डाक्टरसँग बुझ्न सकिनेछन् ।

त्यस्तै, शल्यक्रियासम्बन्धी समस्याका बारेमा अस्पतालमा ०१-४४४३१३१ वा ९८४७३८६१५० नम्बरमा फोन गरेर बुझ्न सकिनेछ । अस्पतालले कोभिड-१९ को शङ्का लागेका बिरामीलाई 'आइसोलेसन' शय्यामा राखेर र्‍यापिड टेष्ट गर्ने र पीसीआर परीक्षणका लागि राष्ट्रिय प्रयोगशाला पठाउने गरेको छ ।

## अन्तर्राष्ट्रिय खबर

# कोरोनाभाइरसबाट नाइजरका श्रममन्त्रीको निधन

**नाइजर, वैशाख २३ ।** कोरोना भाइरसका कारण अफ्रिकी मुलुक नाइजरका श्रम तथा रोजगार मन्त्री मोहमद बेन ओमारको निधन भएको सरकारी टेलिभिजनले घोषणा गरेको छ ।

सत्तारुढ सोसल डेमोर्क्याटिक पार्टी (पिएसडी)ले राजधानी नियामेमा उपचारकै क्रममा ५५ वर्षीय बेन ओमारको आइतबार निधन भएको जनाएको छ ।

मन्त्री बेन ओमारको निधन भएको समाचार प्रशारण गर्नुअघि टेलिभिजनले मन्त्री बेन ओमारले कोरोनाभाइरसका बारेमा व्यक्त गरेको सन्देशहरु प्रशारण गरेको थियो । सन्देशमा मन्त्री ओमारले कोरोनाभाइरस निकै खतरनाक र घातक रहेको तथा यो प्रकाशको गतिमा तीब्र रुपमा फैलिने स्वभावको रहेको बताएका थिए ।

नाइजरका राष्ट्रपति मोहमदु इसोफुले बेन ओमारको निधनबाट आँफू अत्यन्त दुखित् भएको बताएका छन् ।

नाइजरमा हालसम्म ७ सय ५५ जनामा कोराना संक्रमण हुनुका साथै ३७ जनाको मृत्यु भएको छ । नाइजरमा हाल आपतकालीन स्थितिको घोषणा गर्नुका साथै यसका सीमा, धार्मिक स्थल तथा विद्यालयहरु सबै बन्द गरिएका छन् । साथै राजधानी नियामेलाई देशका अन्य भागबाट अलग्याइएको छ ।

# कोरोनाबाट दुई लाख ५२ हजारको मृत्यु

**जेनेभा, वैशाख २३ ।** कोरोना भाइरसका कारण विश्वभर २ लाख ५२ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने संक्रमितको संख्या ३६ लाख ५७ हजार नाघेको छ ।

जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार नेपाली समयानुसार मंगलबार मध्याह्नसम्ममा विश्वभर २४ घण्टाको अवधिमा ४ हजार ९६ जनाको मृत्यु भएको छ ।

कोरोना भाइरसबाट सर्वाधिक दैनिक मृत्युदर रहेका इटाली, स्पेन, फ्रान्स र बेलायतमा २४ घण्टाको अवधिमा मृत्युदरमा सामान्य गिरावट आएको छ ।

विगत २४ घण्टामा इटालीमा १ सय ९५, स्पेनमा १ सय ६४, फ्रान्समा ३ सय ६ र बेलायतमा २ सय ८८ जनाको ज्यान गएको छ । संयुक्तराज्य अमेरिकामा भने १ हजार ३ सय २४ जनाको मृत्यु भएको छ ।



## भारतमा १५६८ को मृत्यु, ४६,४३३ संक्रमित

**नयाँदिल्ली, वैशाख २३ ।** कोरोना भाइरसको संक्रमणबाट भारतमा पहिलोपटक एकै दिन सबैभन्दा बढी संक्रमित व्यक्ति भेटिएका छन् । भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार मंगलवार मध्यान्ह सम्म ३ हजार ९ सय जना नयाँ संक्रमित फेला परेका छन् भने १ सय ९५ जनाको मृत्यु भएको छ ।

भारतमा यो सहित मृत्यु हुनेको संख्या एक हजार ५ सय ६८ पुगेको छ भने संक्रमितको संख्या ४६ हजार ४ सय ३३ पुगेको छ । मन्त्रालयका अनुसार १२ हजार ७ सय २७ जना निको भएर घर फर्किएका छन् । अहिले पनि ३२ हजार १ सय ३८ जना उपचारका क्रममा रहेका छन् ।

भारतीय राज्य महाराष्ट्रमा १४ हजार ५ सय ४१ जना तथा गुजरातमा ५ हजार ८ सय ४ जना संक्रमित भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

# माई-१० मा दाताहरुबाट खाद्यान्न सामग्री जुट्दै

**बिमल दाहाल**



**माई, वैशाख २३।** माई नगरपालिका वडा नम्बर-१० मा दाताहरुबाट खाद्यान्न सामग्री जुट्ने क्रम बढेको छ। लकडाउनका समयमा बिपन्न र मजदुरहरुलाई खाद्यान्न समस्या भएको भन्दै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) वडा कमिटी माई-१०, जनप्रतिनिधि र स्थानीय समाजसेबीहरुले खाद्यान्न सहयोग गरेका हुन्।

नेकपा वडा कमिटी अध्यक्ष बिनोद नेम्बाङ्ग तथा स्थानीय समाजसेबी रामबहादुर आले मगर र मोतिखर सञ्जेलले माईका मेयर दिपककुमार थेबे र वडा अध्यक्ष मनबहादुर बस्नेतलाई खाद्यान्न प्रदान गरेका हुन्।

खाद्यान्न सामग्रीमा नेकपा वडा कमिटीले ५० हजार मूल्य बराबरको १० क्वीन्टल चामल प्रदान गरेको छ। वडाभित्रका १२ जना पार्टी सदस्यहरुबाट रकम संकलन गरी बिपन्नका लागि नगरको एकद्वार प्रणालीमा जम्मा गरिएको वडा कमिटी अध्यक्ष नेम्बाङ्गले बताए।

त्यस्तै वडा कमिटी माई -१० ले समेत २० हजार मूल्य बराबरको राहत सामग्री खरिद गरी एकद्वार प्रणालीमा जम्मा गरेको छ। वडा अध्यक्ष मनबहादुर बस्नेतबाट ६ हजार, वडा सदस्यहरु दुर्गा रैका, तिर्थकुमारी सार्की, इन्द्रकला भट्टराई र टेकबहादुर आलेबाट ३ हजार ५ सयका दरले जम्मा १४ हजार गरी जम्मा २० हजारको ९० लिटर खानेतेल प्रदान गरिएको वडाध्यक्ष बस्नेतले जानकारी दिए।

त्यस्तै स्थानीय समाजसेबीहरु रामबहादुर आलेले ११ हजार ३ सय २२ रुपैयाँ बराबरको १ सय ५० केजी आयोनुन र ३ सय थान साबुन प्रदान गरेका छन्। शान्ता चौहानबाट ५० लिटर खानेतेल तथा मोहनसिंह वाईवा, बेनुप तामाङ्ग र मोतिखर सञ्जेलबाट ५०-५० केजी चामल प्राप्त भएको वडाध्यक्ष बस्नेतले जानकारी दिए। राहत सामग्री एकद्वार प्रणालीबाट सोही वडामा बितरण गर्ने गरी प्रदान गरिएको मेयर दीपककुमार थेबेले जानकारी दिए।

यसैबीच माई नगरपालिका अर्न्तगत कन्काई माध्यमिक बिद्यालयका पूर्व बिद्यार्थीहरुले माई नगरपालिकाको राहत कोषमा खाद्यान्न सहयोग गरेका छन्।

कन्काई मावि अर्न्तगत २०६६ सालको एसएलसी ब्याज अर्न्तगतका पूर्व बिद्यार्थीहरुले संकलन गरेको आर्थिक श्रोतबाट माई नगरपालिकालाई ५ क्वीन्टल चामल प्रदान गरेको हो। पूर्व बिद्यार्थीहरु छाँयादेबी खतिवडा, पबित्रा भट्टराई लगायत २३ जना बिद्यार्थीहरुले माई नगरपालिकाका योजना अधिकृत लक्ष्मण भुर्तेलमार्फत चामल नगरलाई प्रदान गरिएको पूर्व बिद्यार्थी खतिवडाले बताइन्।

नोभेल कोरोना भाइरसको महामारीको समयमा लकडाउन पछि माई नगरपालिकाभित्रका नागरिकहरुलाई खाद्यान्न अभाव हुन सक्ने भन्दै पूर्व बिद्यार्थीहरुले नगरको एकद्वार प्रणालीमार्फत राहत कोषमा जम्मा गरिएको बताइएको छ।

# शिवसताक्षी नगरको राहतकोषमा अमेरिकाबाट सहयोग



**शिवसताक्षी, वैशाख २३।** लकडाउनका कारण समस्यामा परेका शिवसताक्षीका अतिविपन्न परिवारलाई अमेरिकामा बस्ने नेपालीले आर्थिक सहयोग गरेका छन्।

शिवसताक्षी नगरपालिका थातथलो रहेर अमेरिकामा विभिन्न कामले बसेका युवाले २ लाख ३६ हजार ९ सय ७९ रुपैयाँ शिवसताक्षी नगरस्तरीय कोरोना (कोभिड -१९) राहत कोषमा जम्मा गरेका हुन्। यो रकम शिवसताक्षी नगरको कोरोना राहत कोषमा हालसम्म जम्मा भएको रकम मध्ये सबैभन्दा धेरै हो। यसअघि नेकपा शिवसताक्षीले २ लाख १५ हजार कोषमा जम्मा गरेको थियो।

शिवसताक्षी नगरपालिका वडा नम्बर -९ घर भई अमेरिकामा बस्दै आएका कैलास कार्की (सम्राट) नेतृत्वको समूहले रकम संकलन गरेको थियो। कार्कीका अनुसार विष्णु अधिकारी (झापाली), नैना कोइराला, दीपक खड्का, देवी भेटवाल र उर्मिला भेटवाल, रमेश राई र झल्का चापागाईले रकम संकलन गरेका थिए।

यस्तै नवीन ओखावो, दिनेश दुलाल, सम्राट कार्की, शोभा थापा, नरेन्द्र घिमिरे र लिला खतिवडाले १ हजार ९ सय १ अमेरिकी डलर संकलन गरेका थिए। सम्राटका अनुसार अमेरिकामै बसेकी नैना कोइरालाका परिवारले नेपाली रुपैयाँ १० हजार कोषमा जम्मा गरेकी थिइन्।

'विपतमा गाउँघरकै सम्झना र आफ्ना नगरका विपन्न परिवारको याद आउँदो रहेछ। हामीले त जसोतसो खाएकै छौं। गाउँका विपन्न वर्गका मानिसले अन्न खान पाए कि पाएनन्। सँधै चिन्ता मात्र लागि रहन्छ।

यस्तो विपतमा आफ्नै स्थानीय सरकारको पनि याद धेरै आउँदो रहेछ। यस्तो बेलामा गरीबका चुलोमा आगो बाल्नलाई सहयोग रकम पठाएका हौं।' सम्राटले भने।

उनका अनुसार पहिलो चरणको राहत पठाइएको हो। अरु पनि रकम संकलन भएको छ। केही दिनमा पठाउने तयारी रहेको उनले बताएका छन्। रकम कोषमा बुझाउन दाता सम्राटका दाजु केदारसिंह कार्की र भाउजू मन्दिरासहित मेलिना ओखावो आएका थिए। दाताहरु सबै राजधानी न्युयोर्कमा बस्दै आएका छन्।

नेपाल सरकारको एकद्वार प्रणालीबाट गरीबका घरसम्म पुग्ने गरी खाद्यान्न बितरण हुनेमा अमेरिकामा बस्ने दाता आसाबादी छन्। 'खाद्यान्न अभावमा कोही पनि नगरका बासिन्दा भोकै बस्न नपरोस् भनेर हामी आफैंले रकम उठाएर सहयोग गरेका हौं।' अमेरिकामा रहेका राष्ट्रिय रमणीय आदर्श माविका पूर्व शिक्षक देवी भेटवालले भने -'हामीपनि घरभित्रै बसिरहेका छौं। आपतकालीन समयमा सानो सहयोग गर्न पाउँदा धेरै खुसी लागेको छ। तपाईहरु पनि लकडाउनको पूर्ण पालना गरी संक्रमणबाट जोगिनु होला। कोभिड १९ को अचुक औषधि भनेकै घरमा बसेर लकडाउनको पालना गर्नु हो।'

दाताले १० हजार नगदै र बाँकी रकम एनएमबी बैंकको चेक प्रदान गरेका थिए। रकम ग्रहण गरेपछि नगरप्रमुख चन्द्रकुमार शेर्माले शिवसताक्षी नगरले विश्वमा रहेका शिवसताक्षी नगरका बासिन्दाको विपद्का बेलाको सहयोगलाई सदैव स्मरण गर्ने बताए। उनले भने- गहकिलो सहयोग गर्नुभयो। नगरले पनि तपाईहरुलाई कुनै न कुनै माध्यमबाट सम्झने छ।' नगरप्रमुख सेर्माले दातालाई धन्यवाद पत्र समेत प्रदान गरेका थिए।

# प्रहरीलाई डिसइन्फेक्सन बुथ




**बिर्तामोड, वैशाख २३।** राउण्ड टेबल बिर्तामोड २७ ले इलाका प्रहरी कार्यालय अनारमनी बिर्तामोडलाई डिसइन्फेक्सन बुथ हस्तान्तरण गरेको छ।

कोरोना भाइरसको संक्रमणबाट बचाउन सरकारले जारी गरेको लकडाउनको अवस्थामा आफ्नो जिम्मेवारी पूरा गरिरहेका स्वास्थ्यकर्मी, प्रहरी एबम् सञ्चारकर्मीहरुलाई सरकारले उचित प्रबन्ध गर्न नसकिरहेको अवस्थामा राउण्ड टेबल बिर्तामोड २७ ले भने प्रहरीलाई कोरोनाको जोखिमबाट बच्नका करिब ५५ हजारको लागतमा तयार गरिएको डिसइन्फेक्स्न बुथ प्रदान गरेको हो।

सस्थाका सदस्य दीपक मित्तलले २० दिनसम्म पुग्ने उक्त डिसइन्फेक्स्न बुथलाई चाहिने स्यानीटाइजर उपलब्ध गराएको बताए। बुथको उद्घाटन इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी मुकुन्द रिजालले गरेका थिए। संस्थाका अध्यक्ष सुमित मङ्गलले सामाजिक कार्यमा सकृय राउन्ड टेबल बिर्तामोडले आगामी दिनमा पनि सहयोग गर्ने बताए। सस्थाका सदस्य मिजास पोखेलका अनुसार संस्थाले यसअघि जिल्ला कारागार झापामा रहेका कैदीबन्दीहरुका लागि प्राथमिक उपचारका लागि चाहिने औषधि र सर्जिकल सामग्रीहरु बितरण गरेको थियो। त्यस्तै संस्थाले बिर्तामोड -३ बिराटपोखरका अति बिपन्न बर्गका मानिसहरुलाई खाद्यान्न समग्री बितरण गरेको संस्थाका सचिव सुमित साहेवालाले बताए।

# ज्वालाले गरिन् विपन्नलाई सहयोग

**बिर्तामोड, वैशाख २३।** कोरोना भाइरसको संक्रमणबाट बच्न सरकारले जारी गरेको लकडाउनका कारण खाद्यान्न अभाब भएर समस्यामा परेका विपन्न वर्गका मानिसलाई बिर्तामोडकी सामाजिक अभियन्ता ज्वाला संग्रौलाले खाद्यान्न सामग्री प्रदान गरेकी छिन्।



केही बर्षदेखि अध्ययनका सिलसिलामा जापानमा रहेकी झापा बिर्तामोडकी संग्रौलाले बिर्तामोड ३ र १० बिराटपोखरमा रहेका ६० परिवारलाई एक परिवार बराबर २० केजी चामल प्रदान गरेकी हुन्। बिर्तामोड -३ का वडाध्यक्ष भोजराज सिटौला र बिर्तामोड -१० का वडाध्यक्ष दुर्योधन गुरुङको सहभागितामा खाद्यान्न बितरण गरिएको हो।

बिराट सरोबर टोल बिकास संस्थाका अध्यक्ष एवम् नेपाल बिद्यार्थी संघका केन्द्रीय सदस्य सन्तोष उप्रेती र सिद्दिबिनायक टोल बिकास संस्थाका अध्यक्ष बेनु पाठकको संयोजनमा उक्त खाद्यान्न बितरण गरिएको हो। स्थानीय शान्तिराम संग्रौला र बिराट समावेशी ज्योतिर्लिङ्ग किर्तन मण्डलीका अध्यक्ष मनप्रसाद उप्रेतीले कार्यक्रमको व्यवस्थापनमा सहयोग पुऱ्याएका थिए। कार्यक्रममा ध्रुब सिवाकोटी, इन्द्रप्रसाद प्रसाईं, टिकेन्द्र थापा, गीता भण्डारी, पुनम प्रसाईं लगायतको सहभागिता रहेको थियो।

# साझामञ्चमा पत्रकारहरुको एक लाख रुपैयाँको कोरोना बीमा

**झापा, वैशाख २३।** साझामञ्च डटकममा कार्यरत् पत्रकार तथा कर्मचारीहरु हरेकको एक लाख रुपयाँको कोरोना बीमा गरिएको छ।

विश्वव्यापी महामारी फैलिएको कोभिड-१९ को सन्त्रासका बीचमा पनि अग्रभागमा रहेर काम गर्ने पत्रकारहरु कोरोना संक्रमणको उच्च जोखिममा रहेको महसुस गरी सामुहिक बीमा गरिएको हो। स्थलगत रिपोर्टिङ र जनसम्पर्कमा खटिरहनु पर्दा पत्रकार तथा कर्मचारीमा संक्रमणको जोखिम रहेको महसुस गरी राज्यले अघि सारेको बीमा नीतिलाई अवलम्बन गरिएको साझामञ्च डटकमका सम्पादक गोपाल काफ्लेले बताए।

कोराना संक्रमण पुष्टि भएमा सरकारले नै सम्पूर्ण उपचार खर्च व्यहोर्ने व्यवस्था छ। तर संक्रमण पुष्टि भएपछि परिवारमा उत्पन्न हुने मानसिक तनावसँगै उपचारका लागि गर्नुपर्ने पारिवारिक ओहोर दोहोर, बिरामीका लागि आवश्यक पर्ने पौष्टिक खाना तथा फलफूल एवम् वित्तीय अभाव पूरा गर्न बीमाबाट प्राप्त रकम महत्वपूर्ण हुने उनले बताए।

मे ५ तारिखको मितिबाट एक वर्षसम्म साझामञ्चमा कार्यरत् कुनै पत्रकार वा कर्मचारीलाई कोरोनाको पीसीआर परीक्षणमा पोजिटिभ देखिए बीमा वापत प्रतिब्यक्ति एक लाख रुपैयाँ भुक्तानी दिइने छ। साझामञ्च मिडिया प्रालिका अध्यक्ष एकराज कार्कीले फ्रन्टलाइनमा रहेर काम गर्ने पत्रकार र कर्मचारीहरुको मनोबल उच्च बनाउन तथा कोरोनाको त्रासलाई न्यूनीकरण गर्न बीमामा सहभागी गराइएको उनले बताए।

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड दमक शाखाबाट साझामञ्चमा निरन्तर काम गर्ने १० जना पत्रकार तथा कर्मचारीहरुको बीमा गरिएको अध्यक्ष कार्कीले जानकारी दिए। बीमा वापतको प्रिमियम रकम साझामञ्च मिडिया प्रालिबाट भुक्तानी प्राप्त गरेको एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड दमक शाखाका पुष्प आङ्बोले जानकारी दिए।

# शिक्षक पक्राउ

**झापा, वैशाख २३।** सरकारले आह्वान गरेको लकडाउनका बेला महिलामाथि हातपात गरेको आरोपमा पर्वतका एक शिक्षक पक्राउ परेका छन्। दक्षिण पर्वतको पैंयु गाउँपालिका-२ त्रिवेणीका स्थानीय शिक्षक खगेन्द्र रानालाई प्रहरीले नियन्त्रणमा लिएको हो।

पानी लगाउने नहरको विषयमा सामान्य विवाद हुँदा शिक्षक रानाले स्थानीय एक महिलामाथि निर्घात कुटपिट गरेका थिए। सोही विषयलाई लिएर महिलाले गाउँपालिकासँगै प्रहरी चौकीमा उजुरी दिइएकी थिइन्।

उजुरीका आधारमा शिक्षकलाई नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय हुवासका प्रहरी निरीक्षक विजयकुँवर सिंहले जानकारी दिए। महिलालाई गम्भीर चोटपटक लागेको हुँदा उपचारका लागि छिमेकी जिल्ला स्याङ्जाको वालिङ पठाइएको प्रहरी निरीक्षक सिंहले बताए।

त्रिवेणीका वडाध्यक्ष भीमसेन गुरुङका अनुसार महिलामाथि गम्भीर चोट लागेको पाइएको छ।


**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।



**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८



**पत्रिका समयमा पाउनु भएको छैन ?**

मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**वर्गीकृत विज्ञापन**

**सुवर्ण अवसर**

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ। तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलाम: ०२७-५२०१४०/९८२६९२०००२

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्क: ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**हिजोको सूनचाँदीको भाऊ**

| | | |
|---|---|---|
| छापावाला सुन | : | ७७,०००।- |
| तेजावी सुन | : | ७६,७००।- |
| असल चाँदी | : | ७२५।- |

**आवश्यकता**

सेक्युरिटी गार्ड:- ४० जना (महिला/पुरुष)
यहाँ नि:शुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।

**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोन: ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**कोरियन भाषामा विशेष छुट**

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ। साथै Trail Exam हरु पनि सञ्चालन गराईंदैछ। चाडै सम्पर्क गर्नुहोला।
**Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**डाक्टर आउने बारेको सूचना**

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।**

दानावारी, महमाई, लारूम्वा, रविसम्म गाडी छुट्ने समय:
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। अतिथिको रूपमा सत्कार पाइनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आम्दानी बढाउने काम शुरु गर्न सकिनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। काममा आफन्त र साथीभाइबाट सहयोग मिल्नेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। चुनौति चिर्दै काम बनाउन सकिनेछ। स्वास्थ्य सबल रहनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। प्रतिस्पर्धामा पनि विजयी भइनेछ। व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** रोकिएका काम बन्नाले उत्साह जाग्नेछ। मेहनतले प्रतिस्पर्धाको दौडसमेत जिताउन सक्ने।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** व्यहारिक समस्याले योजना स्थगन हुने देखिन्छ। मेहनतको नतिजा चित्तबुझ्दो नआउन सक्छ। कामको चाप बढ्नेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** अप्ठ्यारा परिस्थिति सुल्झाउन केही समय जुट्नुपर्ला। अध्ययनमा गुरुजनको मार्गदर्शन उपयोगी हुनेछ। फाइदा लिन समय प्रतिक्षा गर्नुपर्ला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। तत्कालको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बेसुरमा बोल्ने बानीले दुस्ख पाइनेछ। विशेष योजना सार्वजनिक नगर्नुहोला। काम बिग्रने डरले सताउनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** साझेदारीमा समस्या आउनाले पहिलेको सम्झौता भंग हुन सक्छ। अरूको फाइदाका लागि उपयोग भइने समय छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** छोटो समयमा उपलब्धि हातलागी हुनेछ। स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। मेहनतले दैनिकीमा परिवर्तन आउनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** रोकिएका काम बन्ने र नयाँ काम शुरु गर्ने समय छ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ।